# दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

| खण्डः ६ | संख्याः १३ | २०७९ साल भाद्र २८ गते |
|---|---|---|


## भागः २

दुल्लू नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९

प्रस्तावना : यस दुल्लु नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने आर्थिक, सामाजिक, लैङ्गिक तथा शारीरिक रुपमा पछाडि परेका समुदायका विद्यार्थीहरुलाई प्राविधिक तथा व्यवसायिक शिक्षा निःशुल्क प्रदान गरि निजहरुलाई आत्मनिर्भर तथा दक्ष जनशक्तिको रुपमा विकास गरि राष्ट्र निर्माणमा योगदान गर्नसक्ने नागरिक वनाउनको लागि नगरपालिकाको तर्फवाट छात्रवृत्ति प्रदान गर्ने कार्यलाई कार्यलाई प्रभावकारी, पारदर्शी, वस्तुनिष्ठ र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

दुल्लू नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि दुल्लू नगर कार्यपालिकाको मिति २०७९।०५।२१ गतेको वैठकवाट “पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि-२०७९” पारित गरी लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यस कार्यविधिको नाम “पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि-२०७९” रहेको छ ।
(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशित गरेको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय र प्रसंगले फरक अर्थ नलागेमा यस कार्यविधिमा,
क. “अति विपन्न वर्ग” भन्नाले नेपाल सरकार, भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले प्रदान गरेको गरिब परिवार परिचय पत्र प्राप्त घरपरिवारलाई सम्झनु पर्दछ । सो परिचय पत्र वितरण नहुन्जेल सम्मको लागि अति विपन्न वर्ग भनि वडा कार्यालयले सिफारिस गरेको व्यक्ति सम्झनु पर्दछ ।
ख. “उप प्रमुख” दुल्लू नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।
ग. “कार्यक्रम” कार्यविधिको दफा ३ बमोजिमको पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रम लाई सम्झनु पर्दछ ।

घ. "कार्यक्रम संचालन तथा व्यवस्थापन समिति" कार्यविधिको दफा ५ बमोजिमको समिति सम्झनु पर्दछ ।

ङ. "नगर प्रमुख" भन्नाले दुल्लू नगरपालिकाका नगर प्रमुख सम्झनु पर्दछ

च. "नगरपालिका" भन्नाले दुल्लू नगरपालिकालाई सम्झनु पर्दछ ।

छ. "नगर सभा" भन्नाले दुल्लू नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ज. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दुल्लू नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ । सो शव्दले आर्थिक अधिकार प्राप्त निमित्त प्रमुख प्रशासकीय अधिकृत समेतलाई जनाउनेछ ।

झ. "शिक्षालय" भन्नाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सि.टि.ई.भि.टि.) तथा दुल्लू नगरपालिकाको साझेदारीमा दुल्लू नगरपालिका वडा नं. ८ मा सञ्चालित पञ्चकोशी वहु प्राविधिक शिक्षालय सम्झनु पर्दछ ।

ञ. "सामाजिक विकास समिति" भन्नाले दुल्लू नगर कार्यपालिका अन्तरगतको सामाजिक विकास समिति सम्झनु पर्दछ ।

ट. "साहारा विहिन" भन्नाले आमा, वावु तथा अन्य संरक्षक नभएको विधार्थी सम्झनु पर्दछ ।

३. **पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रम सम्वन्धी व्यवस्था :** (१) दुल्लू नगरपालिकासँगको साझेदारीमा संचालनमा रहेको पञ्चकोशी वहु प्राविधिक शिक्षालय दुल्लूमा अध्यापन गराईने प्राविधिक विषयहरु अध्ययनको लागि दुल्लू नगरपालिकाको भौगोलिक क्षेत्रभित्र स्थायी वसोवास गर्ने लक्षित वर्गका विद्यार्थीहरुलाई छात्रवृत्ति उपलव्ध गराउन **पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रम** स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लागि हरेक आर्थिक वर्षमा नगरपालिकाको सभावाट पारित गरि आवश्यक वजेटको व्यवस्थापन गरिनेछ ।

(३) छात्रवृत्ति कार्यक्रम अन्तरगत पहिलो चरणमा भर्ना भएका विधार्थीहरुले तोकिएको संकायको तोकिए बमोजिमको शैक्षिक अवधि (कोर्स) पुरागरिसकेपछि मात्र त्यसवाट प्राप्त नतिजा र उपलव्धीहरुको मूल्यांकन गरि अर्को चरणको छात्रवृत्ति कार्यक्रम शुरु गरिनेछ ।

४. **कार्यक्रमको लक्षित वर्ग :** पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रम देहायका वर्गहरुलाई लक्षित गरि संचालन गरिनेछ । तर छात्रवृत्ति कार्यक्रममा सहभागी हुन ईच्छुक व्यक्तिले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदवाट सञ्चालित प्रवेश परीक्षा उर्त्तिण गरेको हुनुपर्नेछ ।

(क) महिला

(ख) दलित

(ग) जनजाती

(घ) अपांग

(ङ) अति विपन्न वर्ग

(च) सहिद परिवारका सदस्यहरु

(छ) लैगिक तथा यौनिक अल्पसंख्यक

(ज) साहारा विहिन

५. **पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रम संचालन तथा व्यवस्थापन समिति सम्वन्धी व्यवस्था** : (१) कार्यक्रमलाई निश्पक्ष, पारदर्शी, प्रभावकारी तथा लक्षित वर्ग उन्मुख गराई कार्यान्वयन गर्नमा आवश्यक सल्लाह, सुझाव तथा सहजिकरण गर्न तथा कार्यक्रमको समग्र व्यवस्थापनको लागि देहाय बमोजिमको **नगर प्रमुख छात्रवृत्ति कार्यक्रम संचालन तथा व्यवस्थापन समिति**को व्यवस्था गरिनेछ :

(क) नगर प्रमुख -संयोजक

(ख) नगर उप प्रमुख -सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक -सदस्य

(घ) नगर प्रमुखले तोकेको नगर कार्यपालिकाका सदस्यहरु मध्येवाट १ जना महिला सहित ३ जना -सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको वैठक संयोजकले तोकेको समय र स्थानमा वस्नेछ । समितिको वैठक सञ्चालन सम्वन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

(३) समितिको बैठकमा सम्बन्धित विषयगत क्षेत्रका विज्ञहरुलाई आमन्त्रण गर्न सकिने छ ।

(४) समितिको वैठक वस्दा वैठक भत्ता र पानी तथा खाजा खर्च दुल्लू नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ को दफा ४ बमोजिम हुनेछ ।

६. **नगर प्रमुख छात्रवृत्ति कार्यक्रम संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : दफा ५ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कार्यक्रमको समग्र योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक वजेट व्यवस्थापन गर्ने,

(ग) कार्यक्रमको लागि उपयुक्त उम्मेदवारहरुको छनौटको लागि आवश्यक मापदण्डहरु निर्धारण गर्ने,

(घ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि शिक्षालयसँग सझदारी गर्ने,

(ङ) सार्वजनिक सूचना मार्फत कार्यविधिको दफा ७ मा तोकिएका विषयहरुमा अध्यापनको लागि दफा ४ मा उल्लेखित वर्गवाट आवेदन संकलन गर्ने,

(च) छात्रवृत्ति कार्यक्रम संचालनको लागि वडा कार्यालयसँगको समन्वयमा संकायगत कोटा निर्धारण गर्ने,

दफा ११ बमोजिमको समितिले गरेका काम कारवाहीहरुको निगरानी गर्ने तथा आवश्यकता अनुसार आवश्यक निर्देशन दिने,

(च) दफा ११ बमोजिमको समितिले छनौट तथा सिफारिस गरेका उम्मेदवारहरुको अन्तिम नामावली स्वीकृत गर्ने

(छ) कार्यक्रमको समग्र व्यवस्थापनको लागि आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने,

७. **नगर प्रमुख छात्रवृत्ति कार्यक्रम प्रदान गरिने विषयगत क्षेत्र सम्वन्धी व्यवस्था** : पञ्चकोशी वहुप्राविधिक शिक्षालय दुल्लूमा अध्यापन गराईने देहायमा विषयहरु अध्ययनको लागि छात्रवृत्ति प्रदान गरिनेछ :

(क) डिप्लोमा ईन सिभिल ईन्जिनियरिङ्ग (३ वर्षे)

(ख) डिप्लोमा ईन कम्प्युटर ईन्जिनियरिङ्ग (३ वर्षे)

(ग) डिप्लोमा ईन फरेष्ट्री (३ वर्षे वन विज्ञान)

(घ) डिप्लोमा ईन एनिमल साईन्स (३ वर्षे पशु विज्ञान)

८. **समझदारी पत्र सम्वन्धी व्यवस्था** : छात्रवृत्ति कार्यक्रम संचालन गर्नुपूर्व शिक्षालय र नगरपालिका विच तोकिएका शर्तहरु पालना गरि कार्यक्रम सञ्चालन गर्ने गरि अनसूचि १ बमोजिमको ढाँचामा समझदारी पत्रमा हस्ताक्षर हुनुपर्नेछ ।

९. **कोटा निर्धारण** : दुल्लू नगरपालिकाबाट छात्रवृत्ति प्रदान गरिने यस कार्यविधिको दफा ७ मा उल्लेखित हरेक संकायको लागि १३ जना (दुल्लू नगरपालिकाको प्रति वडा १ संकाय १ जना) का दरले कोटा निर्धारण गरिनेछ ।

१०. **सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने** : पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रम अन्तरगत दफा ७ बमोजिम तोकिएका विषयहरुमा अध्यापनको लागि दफा ४ मा उल्लेखित वर्गवाट आवेदन माग गर्न अनुसूचि २ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ ।

११. **आवेदन पेश गर्नुपर्ने** : छात्रवृत्ति कार्यक्रममा सहभागी हुन ईच्छुक व्यक्तिले सूचना प्रकाशित भएको १५ दिन भित्र अनुसूचि ३ बमोजिमको ढाँचामा तोकिए बमोजिमका कागजातहरु सहित नगरपालिकामा आवेदन दिनुपर्नेछ ।

१२. **छनौटको प्रक्रिया तथा मापदण्ड सम्वन्धी व्यवस्था** : (१) दफा १० बमोजिम प्रकाशित सूचना अनुसार आवेदन पेश गर्ने उम्मेदवारहरु मध्येबाट उपयुक्त उम्मेदवारहरु छनौट कार्यविधिको दफा १३ बमोजिमको छनौट तथा सिफारिस समितिले गर्नेछ ।

(२) दफा १२ बमोजिमको समितिले उपयुक्त उम्मेदवारको छनौट गर्दा यस कार्यविधिमा अन्यत्र उल्लेख गरिएका तथा दफा ५ बमोजिमको समितिले निर्धारण गरेको मापदण्डका अतिरिक्त जम्मा पूर्णांक १०० कायम गरि देहाय अनुसारका मापदण्डहरुको पालन गर्नुपर्नेछ :

(क) एस.एस.सि./एस.ई.ई. परीक्षाको प्राप्तांकको मूल्यांकन जम्मा ३५ पूर्णांक हुनेछ जसलाई देहाय अनुसार विभाजन गरिनेछ :

९० प्रतिसत भन्दा माथि वा $A^+$ Grade भएमा ३५ अंक

८० देखि ८९ प्रतिसत वा A Grade भएमा ३२ अंक

७० देखि ७९ प्रतिसत वा $B^+$ Grade भएमा २९ अंक

६० देखि ६९ प्रतिसत वा B Grade भएमा २६ अंक

५० देखि ५९ प्रतिसत वा $C^+$ Grade भएमा २३ अंक

४० देखि ४९ प्रतिसत वा C Grade भएमा २० अंक

(ख) सामाजिक, शारीरिक तथा आर्थिक रुपमा पछाडि पारिएको समूदाय/वर्गको आधारमा १५ पूर्णांक कायम गरि देहाय बमोजिमको मूल्यांकन गरिनेछ :

(क) सवै वर्ग समुदायका महिला भएमा ५ अंक

(ख) दलित भएमा ५ अंक

(ग) जनजाती भएमा ५ अंक

(घ) अपांग भएमा ५ अंक

(ङ) अति विपन्न वर्ग भएमा ५ अंक

(च) सहिद परिवारका सदस्य भएमा ५ अंक

(छ) दलित महिला भएमा १० अंक

(ज) अपांग दलित महिला भएमा १५ अंक

(झ) जनजाती महिला भएमा १० अंक

(ञ) अपांग जनजाती महिला भएमा १५ अंक

(ट) अति विपन्न महिला भएमा १० अंक

(ठ) अपांग अति विपन्न महिला भएमा १५ अंक

(ड) सहिद परिवारका महिला भएमा १० अंक

(ढ) सहिद परिवारका अपांग महिला भएमा १५ अंक

(ण) लैंगिक तथा यौनिक अल्पसंख्यक भएमा १० अंक

(त) साहारा विहिन भएमा ५ अंक

(थ) साहारा विहिन महिला भएमा १० अंक

(द) साहारा विहिन अपांग महिला भएमा १५ अंक

(ध) साहारा विहिन दलित भएमा १० अंक

(न) साहारा विहिन दलित महिला भएमा १५ अंक

(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको प्रवेश परीक्षाको प्राप्ताङ्क वापद ५० अंक कायम गरी सोको गणना गर्दा देहाय अनुसार गरिनेछ :

$$\frac{\text{प्रवेश परीक्षाको प्राप्तांक} \times ५०}{१००}$$

(३) उपदफा २ खण्ड (ख) को प्रयोजनको लागि आवेदक सम्वन्धित वर्ग वा समुदायको भएको व्यहोराको वडा कार्यालयको सिफारिस अनिवार्य हुनेछ ।

१३. **छनौट तथा सिफारिस समिति सम्वन्धी व्यवस्था :** (१) कार्यविधिको दफा १० बमोजिम प्रकाशित सूचना अनुसार आवेदन पेश गर्ने उम्मेदवारहरु मध्ये उपयुक्त उम्मेदवारको छनौट गरि **नगर प्रमुख छात्रवृत्ति कार्यक्रम संचालन तथा व्यवस्थापन समिति** समक्ष पेश गर्न देहाय अनुसारको छनौट तथा सिफारिस समिति गठन गरिनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी १ जना -सदस्य

(ग) आधारभूत तथा माध्यामिक शिक्षा ईकाइको प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको वैठक संयोजकले तोकेको समय र स्थानमा वस्नेछ । समितिको वैठक सञ्चालन सम्वन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

(३) समितिको बैठक तथा छनौट उपयुक्त उम्मेदवार छनौट प्रक्रियामा सम्बन्धित विषयगत क्षेत्रका विज्ञहरुलाई आमन्त्रण गर्न सकिने छ ।

(४) समितिको वैठक वस्दा वैठक भत्ता र पानी तथा खाजा खर्च दुल्लू नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ को दफा ४ बमोजिम हुनेछ ।

१४. **छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था** : दफा १२ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन् :

(क) दफा ९ बमोजिम प्रकाशित सूचना अनुसार आवेदन पेश गर्ने उम्मेदवारहरुले पेश गरेको आवेदन रित पुगे नपुगेको सम्वन्धमा परीक्षण गर्ने,

(ख) रित पुगेका आवेदकहरुको दफा ११ मा उल्लेखित मापदण्ड तथा प्रक्रियाका आधारमा उपयुक्त उम्मेदवारको योग्यताक्रम सहितको छनौट गरि अन्तिम नामावली स्वीकृतिको लागि दफा ५ बमोजिमको समिति समक्ष पेश गर्ने ।

(ग) दफा ५ बमोजिमको समितिको निर्देशानुसार अन्य तोकिएका कार्यहरु गर्ने ।

१५. **विद्यार्थी भर्ना सम्वन्धी व्यवस्था** : (१) यस कार्यविधिको दफा १२ बमोजिम छनौट भई दफा ५ बमोजिमको समितिले अन्तिम नामावली स्वीकृत गरेका उम्मेदवारहरुको विस्तृत विवरण सहितको अभिलेख नगरपालिकाले शिक्षालयमा पठाउनु पर्नेछ । यसरी पठाईएको विवरण अनुसारका विद्यार्थीहरुको तोकिएको संकायमा भर्ना गरि सोको विवरण शिक्षालयले नगरपालिकामा पठाउनु पर्नेछ ।

१६. **रकम निकासा सम्वन्धी व्यवस्था** : शिक्षालयले दफा १४ वमोजिमको विवरण यस नगरपालिकामा पठाए पश्चात कार्यविधिको दफा दफा ८, अनुसुचि १ बमोजिमको समझदारी पत्रमा उल्लेख गरिए अनुसार किस्ताबन्दीमा शिक्षालयलाई रकम उपलव्ध गराउनु पर्नेछ । यस बापत शिक्षालयले सम्वन्धित विद्यार्थीबाट समझदारी पत्रमा उल्लेख भए अनुसारका कुनैपनि क्षेत्रमा कुनैपनि किसिमको शुल्क लिन पाउने छैन । शिक्षालयले लिने सवै प्रकारका शुल्कहरु छुट गर्नु पर्नेछ ।

१७. **कार्यक्रम कार्यान्वयनको अनुगमन सम्वन्धी व्यवस्था** : कार्यविधिको दफा ५ बमोजिमको समितिले छात्रवृत्ति कार्यक्रमको लागि आवेदन पेश देखि छनौट भएका उम्मेदवारहरु शिक्षालयमा भर्ना भई निजहरुको तोकिएको समयावधि बमोजिमको अध्ययन पुरा नहुन्जेलसम्मका हरेक गतिविधिहरुको नियमित अनुगमन गरि सोको प्रतिवेदन कार्यपालिका तथा नगर सभा समक्ष पेश गर्नु पर्नेछ ।

१८. **अनिवार्य सेवा गर्नुपर्ने** : यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गरि अध्ययन गर्ने व्यक्तिले अध्ययन पुरा गरे पश्चात अनिवार्य रुपमा १ वर्ष सम्म नगरपालिकाले तोकेको स्थानमा सेवा गर्नु पर्नेछ । सो सेवा गरेवापत नगरपालिका वा तोकिएको निकायले निजको दैनिक जिवन यापनको लागि निर्वाह भत्ता उपलव्ध गराउन सक्नेछ ।

१९. **अभिलेख व्यवस्थापन सम्वन्धी व्यवस्था** : यस कार्यविधि बमोजिम गरिएका गतिविधिहरुको प्रगति लगायतको अभिलेख व्यवस्थापन गर्ने जिम्मेवारी आधारभूत तथा माध्यामिक शिक्षा ईकाइको हुनेछ । ईकाइले अनुसुची अनुसूचि ४ बमोजिमको ढाँचामा अभिलेख तयार गरि चौमासिक रुपमा कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ भने कार्यपालिकाले सो अभिलेख सहितको प्रगति नगर सभा समक्ष पेश गर्नु पर्नेछ ।

२०. **संशोधन गर्न सक्ने** : यो कार्यविधि तथा यसका कुनै दफामा कुनै संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

२१. **वाधा अड्काउ फुकाउ अधिकार** : यस कार्यविधिको कार्यान्वयमा कुनै अन्यौलता उत्पन्न भएका वाधा अड्काउ फुकाउको अधिकार नगर कार्यपालिकामा रहनेछ ।

२२. **स्वतः खारेज हुने** : यो कार्यविधि तथा यसका कुनै दफा नेपालको संविधान र प्रचलित कानूनसँग वाझिएमा वाझिएको हदसम्म स्वतः खारेज भएको मानिने छ ।

## अनुसुची : १

## पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रममा संचालनको लागि शिक्षालय र नगरपालिका विच हुने समझदारी पत्रको ढाँचा

(दफा ८ सँग सम्वन्धित)

## पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रममा संचालनको लागि शिक्षालय र नगरपालिका विच गरिएको समझदारी पत्र

## (Memorandum of Understanding)

दुल्लू नगरपालिका (यसपछि 'प्रथम पक्ष' भनिएको) र दुल्लू नगरपालिका वडा नं. ८ स्थित पञ्चकोशी वहु प्राविधिक शिक्षालय (यसछि 'दोश्रो पक्ष' भनिएको) का विच दुल्लू नगरपालिकाद्वारा सञ्चालित पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रमलाई दुवै पक्षको साझेदारी तथा सहकार्यमा प्रभावकारी एवम् गुणष्तरीय तवरले सञ्चालन गर्नको लागि यो द्विपक्षीय समझदारी पत्र तयार गरिएको छ ।

१. **समझदारीको उद्देश्य** : यस दुल्लु नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने आर्थिक, सामाजिक, लैङ्गिक तथा शारीरिक रुपमा पछाडि परेका समुदायका विद्यार्थीहरुलाई प्राविधिक तथा व्यवसायिक शिक्षा निःशुल्क प्रदान गरि निजहरुलाई आत्मनिर्भर तथा दक्ष जनशक्तिको रुपमा विकास गरि राष्ट्र निर्माणमा योगदान गर्नसक्ने नागरिक वनाउनको लागि  दुल्लू प्रथम पक्षको तर्फवाट प्रदान गरिने छात्रवृत्ति कार्यक्रमलाई दोश्रो पक्षको समेत साझेदारीमा प्रभावकारी रुपमा कार्यान्वयन गर्नु यस समझदारीको प्रमुख उद्देश्य रहेको छ ।

२. **अपेक्षित उपलब्धि** : यस समझदारीपत्रको प्रभावकारी कार्यान्वयन पश्चात दुल्लु नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने आर्थिक, सामाजिक, लैङ्गिक तथा शारीरिक रुपमा पछाडि परेका समुदायका विद्यार्थीहरुले प्राविधिक तथा व्यवसायिक शिक्षा निःशुल्क प्राप्त गरि निजहरु आत्मनिर्भर तथा दक्ष जनशक्तिको रुपमा विकास भई राष्ट्र निर्माणमा योगदान गर्नसक्ने नागरिक तयार हुने अपेक्षा गरिएको छ ।

३. प्रथम पक्षको भूमिका :

क. दुल्लु नगरपालिकाबाट स्वीकृत पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि-२०७९ अनुसार छात्रवृत्ति प्राप्त गर्नको लागि उपयुक्त उम्मेदवारको छनौट गरि शिक्षालयमा भर्ना गर्नुपर्ने विधार्थीहरुको संकायगत रुपमा छुट्टाछुट्टै विवरण तयार गरि दोश्रो पक्षलाई उपलव्ध गराउने ।

ख. शिक्षालयमा अध्ययन गर्ने विधार्थीहरुबाट शिक्षालयले लिने सम्पूर्ण (आवेदन, भर्ना, अध्ययन, परीक्षा, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, पुस्तकालय आदि) शुल्क वापतको रकम देहाय बमोजिम वैंक खाता मार्फत दोश्रो पक्षलाई उपलव्ध गराउने ।

- भर्ना हुँदाका वखत : जम्मा शुल्कको ४० प्रतिसतले हुन आउने रकम
- दोश्रो वर्ष : जम्मा शुल्कको ३० प्रतिसतले हुन आउने रकम

- तेश्रो वर्ष : जम्मा शुल्कको ३० प्रतिसतले हुन आउने रकम

ग. अध्ययन गरिरहेका विधार्थीहरुको सिकाई उपलब्धिको निरन्तर अनुगमन गर्ने तथा शिक्षालयबाट आवधिक प्रतिवेदन प्राप्त गर्ने,

घ. पञ्चकोशी वहु प्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रम कार्यान्वयनका सन्दर्भमा आवश्यक समन्वय गर्न एक जना सम्पर्क व्यक्ति तोक्ने ।

४. दोश्रो पक्षको भूमिका :

क. प्रथम पक्षवाट पठाईएका विधार्थीहरुलाई तोकिएको संकायमा भर्ना गरि सोको जानकारी नगरपालिकालाई पठाउने,

ख. भर्ना गरिएका विधार्थीहरुलाई गुणष्तरीय तथा प्रभावकारी तरिकाले अध्यापन गराउने,

ग. विधार्थीहरुको सिकाई उपलव्धीको वारेमा आवधिक रुपमा नगरपालिकामा जानकारी गराउने,

घ. विधार्थीहरुलाई अध्यापन लगायत अन्य सम्पूर्ण शैक्षिक गतिविधिहरुमा संलग्न गराउने,

५. यस समभ्रुदारी पत्रमा उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| ................. | ................... |
| नाम : | नाम : |
| पद : | पद : |
| कार्यालयको छाप : | कार्यालयको छाप : |

**रोहवर**

| | |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| ................. | ................... |
| नाम : | नाम : |
| पद : | पद : |
| कार्यालयको छाप : | कार्यालयको छाप : |

अनुसुची : २

पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रममा आवेदन पेश गर्ने वारे सूचनाको ढाँचा
(दफा ९ सँग सम्वन्धित)

पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रममा आवेदन पेश गर्ने वारे सूचना
(प्रकाशित मिति : ..................)

यस नगरपालिकाको आर्थिक वर्ष ............... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रम अन्तरगत अध्ययन गर्न ईच्छुक एवं प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदवाट सञ्चालित प्रवेश परीक्षा उर्त्तिण गरेका यस नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास भएका तथा देहायको मापदण्डहरु पुरा भएका व्यक्तिहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित कागजातहरु सहित आवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

आवेदनको लागि आवश्यक मापदण्डहरु

- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदवाट सञ्चालित प्रवेश परीक्षा उर्त्तिण गरेको,
- दुल्लू नगरपालिका क्षेत्र भित्र स्थायी बसोबास भएको,
- प्रचलित कानून बमोजिम अयोग्य नठरिएको,

आवेदनसँग पेश गर्नुपर्ने कागजातहरु

- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदवाट सञ्चालित प्रवेश परीक्षा उर्त्तिण गरेको प्रमाण,
- एस.ई.ई. परीक्षा उत्तिर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- नेपाली नागरिकताको प्रमाणपत्र वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,
- दलित, जनजाती, सहिद परिवार, साहारा विहिन तथा अति विपन्न वर्गको भए सो वर्गको नागरिक हो भन्ने वडाको सिफारिस पत्र,
- अपांगको हकमा अपांगता परिचयपत्रको प्रमाणपत्रको प्रतिलिपि,
- लैंगिक तथा यौनिक अल्पसंख्यकको हकमा स्व-घोषणा
- नगरपालिकावाट तोकिएको ढाँचाको निवेदन,
- पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा १८ बमोजिम अध्ययन पुरा गरे पश्चात अनिवार्य रुपमा १ वर्ष सम्म नगरपालिकाले तोकेको स्थानमा सेवा गर्न मञ्जुर रहेको प्रतिवद्धता,
- प्रमाणपत्रका प्रतिलिपिहरु आवेदक स्वयमले सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गर्नुपर्नेछ ।

.....................
प्रमुख प्रशासकीय अधिकृत

**अनुसुची : ३**

**पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रममा आवेदनको नमूना**

**(दफा ११ सँग सम्वन्धित)**

मिति : ............../......./.........

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
दुल्लू नगर कार्यपालिकाको कार्यालय, दुल्लू दैलेख

विषय : पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रममा आवेदन पेश गरेको सम्वन्धमा ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयवाट मिति ................... मा प्रकाशित सूचना बमोजिम सूचनामा उल्लेख गरिए बमोजिमका कागजातहरु सहित पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रममा आवद्धताको लागि आवेदन पेश गरेको व्यहोरा अनुरोध छ । साथै मेरो व्यक्तिगत विवरण देहाय अनुसार रहेको व्यहोरा समेत अनुरोध छ ।

१)(क) विद्यार्थीको पूरा नाम (देवनागरीकमा) :
(ख) विद्यार्थीको नाम (अंग्रेजीमा) :-
२) विद्यार्थीको बुवाको नाम र सम्पर्क नं.:-
३) विद्यार्थीको आमाको नाम र सम्पर्क नं. :-
४) (क) स्थायी ठेगाना :-
(ख) अस्थायी ठेगाना :-
५) कीत्रड/क्भ्भ उत्तीर्ण गरेको विद्यालयको नाम :-
६) प्रबेश परीक्षामा उत्तीर्ण गरेको योग्यता क्र.म. :-
७) कीत्रड/क्भ्भ मा प्राप्त गरेको अंक :-

पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा १८ बमोजिम अध्ययन पुरा गरे पश्चात अनिवार्य रुपमा १ वर्ष सम्म नगरपालिकाले तोकेको स्थानमा सेवा गर्न मञ्जुर रहेको व्यहोरा समेत अनुरोध छ ।

विद्यार्थीको हस्ताक्षर :
विद्यार्थीका अभिभावकको नाम थर :
अभिभावकको हस्ताक्षर :
मिति :

## अनुसुची : ४

### पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रमको प्रगतिको अभिलेख

(दफा १९ सँग सम्वन्धित)

| क्र.स. | आर्थिक वर्ष | संकाय | सेमेष्टर | विधार्थीको नाम | विधार्थीको वर्गीकृत विवरण | भुक्तानी भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

...............

आज्ञाले

ज्ञानमणि नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७९/०५/२८